This document is signed digitally!

अनुसूची – ०१

(दफा १८ को उपदफा (६) सँग सम्बन्धित)

कम्पनी अफ नेप्लिज इन्भेस्टर्स लिमिटेड

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय
त्रिपुरेश्वर, काठमाडौं

## प्रवन्धपत्र

**१. कम्पनीको नामः** यस कम्पनीको नाम "कम्पनी अफ नेप्लिज इन्भेस्टर्स लिमिटेड" हुनेछ। जसलाई अंग्रेजीमा "Company Of Nepalese Investors Limited" भनिनेछ ।

**२. कम्पनीको रजिष्टर्ड कार्यालय रहने ठेगानाः** यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाडौं जिल्ला काठमाडौ महानगरपालिका वडा नम्बर ०३ मा रहनेछ ।

**३. कम्पनीले गर्ने व्यवसाय वा कारोवारको प्रकृतीः** उद्यमशीलता मार्फत् राष्ट्रको आर्थिक विकासमा टेवा पुर्याउन उत्पादनमुलक, सेवामुलक तथा व्यापारमूलक व्यवसाय, उद्यम, उद्योग तथा कलकारखानाको स्थापना र विकासका लागि आवश्यक पर्ने पूँजी संकलन गरी प्रचलित नियमानुसार लगानी एवं आन्तरिक ऋण प्रवाह मार्फत मुनाफा आर्जन तथा वितरण गर्ने ।

**४. कम्पनीको उद्देश्यः**

(१) कम्पनी कानून वा अन्य प्रचलित कानुनको अधिनमा स्वीकृति लिनु पर्ने भए सम्वन्धित निकायको स्वीकृति समेत लिई यस कम्पनीको उद्देश्य देहाय बमोजिम हुनेछः

(क) कृषि पेशालाई ब्यबस्थित र ब्यबसायीक बनाउदै लैजाने उद्धेश्यका साथ कृषि अन्तर्गत पर्ने सागसब्जी, फलफूल, च्याउखेती, तरकारीखेती, चिया, कफीको खेती गर्ने, भण्डारण गर्ने, बिक्री वितरण गर्ने जस्ता क्रियाकलापहरुमा लगानी गर्ने र लगानी गर्न प्रोत्साहन गर्ने ।

(ख) कृषि तथा पशुपालन, वन, पर्यटन (होटल, ट्राभल, रेष्टुरेन्ट, रिसोर्ट आदि), उर्जा तथा जलविद्युत, भौतिक पूर्वाधार, नेपाली उत्पादनको निर्यात, सूचना प्रविधि तथा अनलाईन मार्केटिङ, स्वास्थ्य, यातायात, शिक्षा तथा प्राविधिक स्कूल, साना तथा मझौला उद्योग लगायत उद्यमशीलतामा आधारित उत्पादनमूलक सेवा तथा व्यवसायको स्थापना तथा विकास एवं बजारीकरणका लागि नियमानुसार लगानी गर्ने।

(ग) कृषि र खाद्य सम्बन्धि ब्यापार व्यवसायका पाटाहरु जस्तै थोक ब्यापार, खुद्रा ब्यापार, कृषि बजार, प्रचारप्रसार, बजार ब्यबस्थापन, सहजीकरण, परामर्श आदि क्रियाकलापहरु गर्ने ।

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने
नामथर : चक्र बहादुर घर्ती
पद : सहायक रजिष्ट्रार
मिति : २०८२-०८-०८
कम्पनी रजिष्ट्रारको कार्यालय

This document is signed digitally!

(घ) कृषि सम्बन्धि क्रियाकलापको बजार बिकास र प्रवर्द्धन गर्दै कृषि पर्यटनलाई देश विदेशसम्म फैलाई यसबाट राष्ट्रको आर्थिक अवस्था सुधार गर्न महत्वपूर्ण भूमिका निभाउने ।

(ङ) वैदेशिक रोजगारीमा अन्तराष्ट्रिय मान्यता प्राप्त हुने सीपमूलक तालिमका साथै सम्बन्धित देशको बारेमा आधारभूत अभिमुखीकरण दिने तालिम प्रदायक संस्थाको स्थापना तथा सञ्चालन गर्ने, यस प्रयोजन स्थापना हुने संस्थामा लगानी वा वित्तीय साझेदारी गर्ने ।

(च) स्वदेशी कम्पनीसँग जलविद्युत, सौर्य उर्जा, खानेपानी, वायु ऊर्जामा सहकार्य गरी लगानी गर्ने ।

(छ) वैदेशिक रोजगारीबाट आर्जित विप्रेषणलाई उत्पादनसँग जोड्दै देशको आर्थिक विकासमा योगदान पुर्याउने उद्देश्यका साथ पूँजी निर्माण गर्दै नाफामुलक क्षेत्रमा लगानी गरी मुनाफा आर्जन गर्ने । प्राथमिकतामा राख्दै स्वदेशभित्र छरिएर रहेका नेपाली नागरिकहरुका साथै प्रवासी तथा गैरआवासीय नेपालीहरुको पूँजीलाइ संकलन गर्ने ।

(ज) लगानीकर्ताहरुको लगानीको प्रतिफल उच्चतम् बनाउन वित्त बजारमा हुने वित्तीय कारोवार, सहवित्तीयकरण कर्जा लगायतमा लगानी गर्ने ।

(झ) विदेशबाट फर्केका नेपालीहरुको पूँजी, सीप, अनुभव तथा दक्षतालाई राष्ट्रको आर्थिक विकासमा सदुपयोग गर्ने आर्थिक पुनर्एकीकरण सम्वन्धी निजी क्षेत्रका नाफामूलक व्यवसाय वा आयोजनाहरुमा लगानी गर्ने ।

(ञ) कम्पनी स्वयमूले छनोट गरेका क्षेत्रहरु जस्तै, उत्पादन, उद्यम, व्यवसाय, आयात निर्यात तथा आवश्यकता अनुसारका सेवा तथा व्यवसायिक क्षेत्रमा लगानी गर्ने ।

(२) कम्पनीले उपदफा (१) बमोजिमको उद्देश्य कार्यान्वयन गर्न प्रचलित कानून बमोजिम सम्बन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गर्न पर्ने भएमा सो प्राप्त भएपछी मात्र कायर्यान्वयन गरिनेछ ।

(३) उपदफा (१) मा उल्लेखित उद्देश्यका सम्बन्धमा अनुमति वा इजाजत प्राप्त गरेको पन्ध्र दिनभित्र त्यस्तो अनुमति वा इजाजतपत्रको प्रतिलिपि कार्यालयमा पेश गरिनेछ ।

५. **कम्पनीको उद्देश्य प्राप्त गर्न गरिने कामहरुः** यस कम्पनीले दफा ४ बमोजिमका उद्देश्य प्राप्त गर्न देहायका कामहरु गर्न सक्नेछः

(क) कम्पनीलाई आवश्यक पर्ने जग्गा, भवन, सवारी साधन र आवश्यक उपकरण खरिद गर्ने वा भाडामा लिई प्रयोग गर्ने साथै कम्पनीलाई आवश्यक नरहेको खण्डमा कम्पनीको नाउँमा रहेको घर, जग्गा, भवन, सबारी साधन, उपकरण आदी बिक्री गर्न सक्नेछ ।

(ख) कम्पनीलाई आवश्यक पर्ने कर्मचारी नियुक्त गर्ने तथा तिनको सेवाका शर्तहरु निधारण गर्न सक्नेछ ।

**प्रमाणित डिजिटल हस्ताक्षर गर्ने**
नामथर : चक्र बहादुर घर्ती
पद : सहायक रजिष्ट्रार
मिति : २०८२-०८-०८
कम्पनी रजिष्ट्रारको कार्यालय

This document is signed digitally!

(ग) कम्पनीको नाममा बैंक तथा वित्तीय संस्थामा खाता खोल्ने र सञ्चालन गर्न सक्नेछ ।

(घ) कम्पनीलाई आवश्यक पर्ने रकम बैंक वा कुनै वित्तीय संस्थावाट कम्पनीले धितो राखी वा नराखी कर्जा लिन सक्नेछ ।

(ङ) कम्पनीको नामबाट शेयर तथा डिबेन्चर खरिद गर्ने तथा त्यसलाई बिक्री गर्न सक्नेछ ।

(च) अन्तराष्ट्रिय श्रम बजारमा उच्च माग भएका प्राविधिक वा सीपयुक्त जनशक्ती तयार गर्न अन्तराष्ट्रिय स्तरमा मान्यता प्राप्त हुने गरी तालिम सञ्चालन गर्ने तालिम प्रदायक संस्थामा लगानी गर्न सक्नेछ ।

(छ) वैदेशिक रोजगारीबाट फर्किएका नेपाली श्रमिकहरु लक्षित आर्थिक पुनर्एकीकरणमा आधारित व्यावसायिक आयोजनाहरुमा लगानी प्रवाह गर्ने ।

**(ज) अन्य आवश्यक कुराहरु:**

१) कम्पनी सञ्चालनका लागि आवश्यक पर्ने भवन, कार्यशाला, अफिस, घर, गोदाम, जमिन, फर्निचरहरु तथा अन्य चल अचल सम्पत्ति आदि जायजेथा खरिद गर्ने, लिज वा भोग बन्धकीमा लिने वा अन्य तरिकाबाट प्राप्त गर्ने वा बनाउने, निमर्माण, सुसज्जित वा विस्तार, आधुनिकीकरण, मर्मत सम्भार, नियन्त्रण, सञ्चालन गर्ने तथा सो को व्यवस्थापन गर्न सक्नेछ ।

२) कम्पनीलाई आकस्मिक क्षतिबाट बचाउन कम्पनीको मेशिनरी, भवन लगायत सबै प्रकारका सम्पत्तिहरुको आवश्यकतानुसारको बीमा गराउने ।

३) कुनै अर्को कम्पनीको लागि जमानत आवश्यक भएमा यस कम्पनीले बैक तथा वित्तीय संस्थाहरुमा जमानत बसिदिन सक्नेछ ।

४) कम्पनीको नाममा नेपाल राज्यको कुनै पनि बैंक वा वित्तीय संस्थाहरुमा खाता खोली रकम जम्मा गर्ने, झिक्ने, बिल अफ एक्सचेन्ज, (एल. सी.) खोल्ने, मञ्जुर गर्ने तथा यस्तै प्रकारका अन्य आवश्यक कामहरु गर्ने ।

५) कम्पनीको लागि प्राप्त हुन सक्ने सबै प्रकारका सुविधा, सहुलियत प्राप्त गर्न नेपाल सरकारको कार्यालयसंग अनुरोध गर्ने, कम्पनीको व्यापारिक हित सरक्षणका लागि डिजाइन र ट्रेडमार्क दर्ता गराउने, यसको हक र सुविधा उपलब्ध गराउने र उपयोग गर्ने ।

६) कम्पनीको तर्फवाट वा कम्पनी विरुद्ध परेका मुद्धामामिलाहरुको पुर्पक्ष गर्ने, प्रतिरक्षा गर्ने, लिखित जवाफ पेश गर्ने, यस सम्बन्धमा आवश्यक कानुनी सेवा प्राप्त गरी आफ्नो हक अधिकारको संरक्षण गर्ने, सहुलियत सुविधालाई सक्षित राख्ने ।

**प्रमाणित डिजिटल हस्ताक्षर गर्ने**
नामथर : चक्र बहादुर घर्ती
पद : सहायक रजिष्ट्रार
मिति : २०८२-०८-०८
कम्पनी रजिष्ट्रारको कार्यालय

This document is signed digitally!

७) कम्पनीलाई आवश्यक पर्ने प्राविधिक, आर्थिक, कानुनी लगायतका सल्लाहकार नियुक्ति गर्ने र उनीहरुको सेवाको शर्तहरु निर्धारण गर्ने ।

८) कम्पनीको आफ्नो लक्ष्य र उद्देश्य प्राप्त गर्ने विभिन्न सञ्चार माध्यमहरुबाट विज्ञापन, सूचना आदि प्रचार प्रसार गर्ने गराउने ।

नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौं

९) कम्पनीले आवश्यकता अनुसार चल, अचल सम्पत्ती खरिद गर्ने, आफ्ना नामको जग्गाहरु बिक्री गर्ने, भाडामा दिने, सट्टापट्टा गर्ने एवं धितो बन्धक राख्ने।

१०) यस कम्पनीले आफ्नो नामको जग्गा जमिन धितो राखी वा नराखी आफ्नो समूहको अन्य कम्पनी सुरक्षण दिन वा अन्य कम्पनीको जग्गा जमिन धितो राखी वा नराखी जमानी लिइ कारोबार गर्न सक्नेछ। साथै धितो लिन वा दिन सक्नेछ ।

११) प्रचलित कानुनको अधिनमा रही स्वीकृति लिनु पर्ने विषयमा स्विकृती लिई कम्पनीको उद्देश्य पूर्तिको लागि आवश्यक सम्झौताहरु गर्ने । अन्य आवश्यक कुराहरु सञ्चालक समिति र साधारण सभाले कम्पनी ऐन र अन्य प्रचलित कानूनको अधिनमा रही समय समयमा निर्णय गरे बमोजिम हुनेछ।

**६) कम्पनीको पूँजीको संरचनाः** कम्पनीको पूँजीको संरचना देहाय बमोजिम हुनेछः

(क) कम्पनीको अधिकृत पूँजी रु १०,००,००,०००/- (अक्षरेपी  दश  करोड रुपैयाँ) हुनेछ। सो पूँजीलाई प्रतिशेयर रु १०० दरका १०,००,००० (  दश  लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

(ख) कम्पनीको तत्काल जारी गर्ने शेयर पूँजी रु. ३,००,०००,००/- (अक्षरेपी तीन करोड रुपैयाँ) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु. १०० का दरका ३,००,००० (तीन लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

(ग) कम्पनीका संस्थापकहरुले तत्काल चुक्ता गर्न कबुल गरेको पूँजी रु. २,१०,०००,००/- (अक्षरेपी दुई करोड दश लाख रुपैया) हुनेछ। तत् पश्चात् सञ्चालक समितिले निर्णय गरी समूह (क) मा छुट्याईएको शेयर पूँजी आवश्यकता अनुसार बाँडफाँड गरिनेछ ।

(घ) कम्पनीले जारी पूँजीको ३० प्रतिशत साधारण शेयर सर्वसाधारणको लागि छुट्याएको छ ।

(ङ) कम्पनीको जारी पूँजीको समूहगत शेयर स्वामित्वको अनुपात देहाय वमोजिम हुनेछ ।

(१) संस्थापक समूहका शेयरधनीहरुलाई समूह (क) मा वर्गिकरण गरिएको छ र यो समूहको शेयर स्वामित्व ७० प्रतिशत हुनेछ। यस समूहमा सञ्चालक समितिका सदस्यहरुका साथै नेपाली मूलका बिदेशी राहदानी बाहक

**प्रमाणित डिजिटल हस्ताक्षर गर्ने**
नामथर : चक्र बहादुर घर्ती
पद : सहायक रजिष्ट्रार
मिति : २०८२-०८-०८
कम्पनी रजिष्ट्रारको कार्यालय

This document is signed digitally!

एन.आर. एन. हरु, नेपाली मूलका स्वदेशी राहदानी बाहकहरु, वैदेशिक रोजगारी तथा अन्य कार्यमा संलग्न नेपालीहरु, उनीहरुका आश्रित परिवार तथा विदेशबाट फर्केका नेपालीहरु र स्वदेशी लगानीकर्ताहरु रहनेछन् ।

(२) सर्वसाधारणमा सार्वजनिक रुपमा बिक्री गरिने शेयरका शेयरधनीहरुलाई समूह (ख) मा वर्गीकरण गरिएको छ । यस समूहका लागि छुट्याईएको ३० प्रतिशत शेयरमध्येवाट २५ प्रतिशत सर्वसाधारणका लागि र ५ प्रतिशत शेयर कम्पनीका कर्मचारीहरुको लागि छुट्याई सञ्चालक समितिको निर्णय बमोजिम विक्री वितरण गर्न सकिनेछ।

(च) जुन समूहबाट शेयर नामसारी वा खरीद गरेको हो, सो खरीद वा नामसारी गर्ने व्यक्ति वा संस्था पनि सोही समूहमा समावेश हुनेछ ।

(छ) खण्ड (ङ) बमोजिमको शेयरको स्वामित्वको अनुपातमा वा शेयर पूँजीमा थपघट गर्नु परेमा सञ्चालक समितिको निर्णय, प्रचलित ऐन तथा नियमको अधिनमा रही कम्पनीले आफ्नो पूंजी तथा स्वामित्वको संरचनामा हेरफेर गर्न सक्नेछ ।

**७. कम्पनीको शेयरको किसिमः** यस कम्पनीको शेयरको किसिम देहाय बमोजिम हुनेछ ।

(क) तत्कालका लागि कम्पनीमा सबै शेयरहरु साधारण शेयर मात्र रहने छन् । भविष्यमा पूँजीको आवश्यकता तथा सो को पर्याप्तताका आधारमा प्रचलित कानून बमोजिम साधारण सभामा विशेष प्रस्ताव पारित गरी अन्य प्रकारका शेयरहरु कम्पनीले जारी गर्न सक्नेछ ।

(ख) अग्राधिकार शेयर लगायत अन्य कुनै प्रकारको शेयर जारी गर्नु पर्ने भए सोको संख्या, प्रति शेयर मूल्य, त्यस्ता शेयरधनीको हक अधिकार सम्बन्धी व्यवस्था तथा यस्ता शेयर सम्बन्धी अन व्यवस्था सम्बन्धित ऐन र नियमको अधिनमा रही कम्पनीले निर्धारण गर्नेछ ।

**८. शेयर खरिद वा हस्तान्तरण गर्न बन्देजः**

(क) प्रचिलत कानुनको अधिनमा रही कम्पनीको शेयर कुनै व्यक्ति वा संस्थालाई बिक्री तथा हस्तान्तरण गर्न सकिनेछ ।

(ख) प्रचलित कानुनको स्विकृक्ति लिंई संस्थापक र सर्वसाधारण समूहको शेयर स्वामित्व अनुपातमा परिवर्तन गर्न सकिनेछ ।

(ग) कम्पनीले कारोवार सञ्चालन गरेपश्चात प्रवन्धपत्र, नियमावली र अन्य सम्बन्धित कानुनक अधिनमा रही आफ्नो शेयर बिक्री वा धितोबन्धक राख्न सकिनेछ । यस व्यवस्था बमोजिम कम्पनीले कारोबार सञ्चालन गरेको पाँच वर्ष नपुगे तापनि कम्पनीको सञ्चालनमा कुनै बाधा व्यवधान उत्पन्न भई विशेष परिस्थितिको सृजना हुन

**प्रमाणित डिजिटल हस्ताक्षर गर्ने**
नामथर : चक्र बहादुर घर्ती
पद : सहायक रजिष्ट्रार
मिति : २०८२-०८-०८
कम्पनी रजिष्ट्रारको कार्यालय

This document is signed digitally!

गएमा सम्बन्धित निकायको स्वीकृति लिई संस्थापकहरुको बीचमा शेयर खरीद बिक्री गर्न सकिनेछ। तर त्यसरी हक छोडदा वा हस्तान्तरण गर्दा पहिलो प्राथमिकता जुन समूहको शेयर हो सोही समूहका शेयरधनीहरुलाई दिनुपर्नेछ । यसरी शेयर लिन एक भन्दा बढी शेयरधनीले शेयर खरिद गर्न चाहेमा निजले धारण गरेको शेयरको अनुपातमा विक्री गर्नुपर्नेछ सो समूहका कुनै पनि संस्थापक शेयरधनीले शेयर लिने ईच्छा नगरेमा मात्र त्यस्तो शेयर संचालक समितिको निर्णय बमोजिम सम्बन्धित निकायको स्वीकृति लिई अन्य व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई विक्री गर्न सकिनेछ ।

(घ) सर्वसाधारणले शेयर खरिद गर्दा न्यूनतम् १० कित्ता वा १०० अंकले भाग गर्दा शेष नरहने गरी खरिद गर्न सकिनेछ । तर हकप्रद शेयर र बोनस शेयर लागू गरिएमा यो बन्देज लागू हुने छैन।

(ङ) कम्पनीका सञ्चालक, कार्यकारी प्रमुख, लेखापरीक्षक, सचिव वा कम्पनीको व्यवस्थापन तथा लेखा सम्बन्धी कार्यमा प्रत्यक्ष रुपमा संलग्न व्यक्तिले त्यस्तो पदमा बहाल रहँदाको बखत वा त्यस्तो पदबाट अवकास प्राप्त गरेको कम्तीमा एक वर्षसम्म कम्पनी वा त्यसको सहायक कम्पनीको शेयर आफ्नो वा आफ्नो परिवारको नियन्त्रणमा रहेको फर्म, कम्पनी वा संस्थाको नाममा खरिद विक्री गर्न, गराउन, गर्न दिन, धितोवन्धकमा राख्न, राख्न लगाउन वा दान बकस लिन, दिन वा लेनदेन गर्न पाईने छैन ।

(च) कसैले खण्ड (ङ) विपरितको काम गरेमा त्यस्तो शेयर कम्पनीले जफत गर्न सक्नेछ र त्यसरी जफत गरेको शेयर सञ्चालक समितिले उचित ठहर्‍याएको प्रकृयाबाट बिक्री वितरण गर्न सक्नेछ ।

(छ) शेयर खरिद वा हस्तान्तरण गर्न बन्देजसम्बन्धि अन्य व्यवस्था प्रचलित वीमा सम्बन्धी कानुन, कम्पनी सम्बन्धि कानून तथा अन्य प्रचलित कानुनमा उल्लेख भए बमोजिम हुनेछ ।

**९. शेयर वापतको रकमको भुक्तानी :**

(१) कम्पनीले आफ्नो आवश्यकतानुसार सञ्चालक समितिको बैठकबाट निर्णय गरी शेयर वापतको रकम आंशिक वा पूर्ण रुपले भुक्तानी माग गर्न सक्नेछ ।

(२) शेयर वापत कम्पनीले माग गरेका रकमहरु निर्धारित समयमा शेयरधनीले बुझाउनुपर्नेछ ।

(३) शेयर वापतको रकम माग गर्ने, माग गरेको रकम निर्धारित समयावधिभित्र बुझाउने, भुक्तानी म्याद थप माग गर्ने तथा कम्पनीले म्याद दिने जस्ता कुराहरुको व्यवस्था नियमावलीमा उलेल्ख भए बमोजिम हुनेछ ।

**१०. दायित्व सीमित हुने:** यस कम्पनीको कारोवारको सम्बन्धमा शेयरधनीको दायित्व निजले खरिद गरेको वा खरीद गर्न कबुल गरेको शेयरको अंकित मूल्यसम्म मात्र सीमित रहनेछ । तर कुनै शेयरधनी वा सञ्चालकले सो हैसियतमा तेस्रो पक्षसँग गरेको व्यक्तिगत जमानत सम्बन्धी सम्झौता बमोजिमको दायित्वको हकमा यो व्यवस्था लागू हुने छैन ।

**प्रमाणित डिजिटल हस्ताक्षर गर्ने**
नामथर : चक्र बहादुर घर्ती
पद : सहायक रजिष्ट्रार
मिति : २०८२-०८-०८
कम्पनी रजिष्ट्रारको कार्यालय

This document is signed digitally!

११. अन्य आवश्यक कुराहरुः

(१) कम्पनीको संस्थापना गर्दा लागेको खर्च कम्पनीले व्यहोर्नेछ ।

(२) शेयरवापतको रकम नगद वा बैंक जम्मा गरी भुक्तानी गरिनेछ ।

(३) कम्पनीले काम शुरु गर्दाको अवस्थामा संस्थापक वा अन्य कुनै व्यक्तिबाट कुनै सम्पत्ति प्राप्त गरेको छैन ।

(४) संस्थापक या अन्य कुनै व्यक्तिले कम्पनीवाट कुनै विशेष सहूलियत वा अधिकार पाउने छैन ।

(५) सम्बन्धित निकायको पूर्व स्वीकृति लिई कम्पनीले आफ्नो कारोबार सञ्चालनका लागि आवश्यक विनियम वा कार्यविधि बनाई लागू गर्न सक्नेछ।

(६) यस कम्पनीले प्रचलित ऐन तथा नियमले बन्देज लगाएका कार्य गर्ने छैन ।

(७) कम्पनीले आवश्यकता महशुस गरेमा प्रचलित कानूनको अधिनमा सम्बन्धित निकायबाट स्विकृती प्राप्त गरी कम्पनीको हितको लागि आफ्नो व्यवस्थापन जिम्मा दिने वा परामर्शदातासँग परामर्श लिन सक्नेछ ।

(८) कम्पनीले प्रचलित कानूनको अधिनमा रही आफ्नो कूल सम्पत्ति वा जोखिम भारित सम्पत्तिको आधारमा तोके अनुसार, पूँजी कोषको व्यवस्था गर्नेछ ।

(९) कम्पनी अविछिन्न उत्तराधिकारवाला एक संगठित संस्था हुनेछ ।

(१०) कम्पनीको काम कारवाही सञ्चालनका लागि एक छुट्टै छाप हुनेछ ।

(११) कम्पनीले आफ्नो नामबाट नालिस उजूर गर्न र यस उपर पनि सोही नाउँबाट नालिस उजूर लाग्न सक्नेछ ।

(१२) कम्पनीले प्रचलित कानुनको अधिनमा रही व्यक्ती सरह चल अचल सम्पति खरिद बिक्री गर्न, धितोबन्धकी लिन दिन वा दान दातव्य दिन सक्नेछ ।

(१३) कम्पनीको शेयरधनीको स्वामित्त्व निजले लिएको वा लिन मन्जुरी गरेको शेयरको मूल्यमा सीमित हुनेछ ।

(१४) कम्पनीका सबै कामहरु प्रचलित कानुन, कम्पनी तथा कम्पनी सम्बन्धी कानुन र अन्य प्रचलित कानुन बमोजिम सन्चालन हुनेछ ।

१२. **कम्पनीको प्रकृति अनुरुप थप व्यवस्थाः** कम्पनीका सबै व्यवासायिक कारोवारहरु प्रचलित ऐन तथा नियमावली बमोजिम हुनेछ ।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

**प्रमाणित डिजिटल हस्ताक्षर गर्ने**
नामथर : चक्र बहादुर घर्ती
पद : सहायक रजिष्ट्रार
मिति : २०८२-०८-०८
कम्पनी रजिष्ट्रारको कार्यालय

This document is signed digitally!

**१३. प्रवन्धपत्र संशोधन भएमा लागू हुने अवस्था:**

(क) यस प्रवन्धपत्रमा कम्पनीले कुनै संशोधन गर्नु परेमा साधारण सभाबाट विशेष प्रस्ताव पारित गरी सो निर्णय कार्यालयमा अभिलेख भएपछि मात्र प्रवन्धपत्र संशोधित भएको मानिनेछ ।

(ख) प्रचलित कानुनमा कुनै संशोधन भएमा यस प्रवन्धपत्र पनि सोही बमोजिम स्वत: संशोधन भएको मानिनेछ र सोही वमोजिम प्रवन्धपत्रमा संशोधन गरी मिलाउनु पर्नेछ ।

**१४. प्रवन्धपत्र बाझिएको हदसम्म अमान्य हुने:** यस प्रवन्धपत्रमा लेखिएका कुरा कम्पनी ऐन, २०६३ वा अन्य प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वत: बदर हुनेछ ।

**१५. संस्थापकहरुले तत्काल लिन कबुल गरेको शेयर संख्या र उद्घोषण:** हामी कम्पनी अफ नेप्लिज इन्भेस्टर्स लिमिटेड का संस्थापकहरुले यो कम्पनी सस्थापना गरी प्रचलित कानून बमोजिम सञ्चालन गर्न मञ्जुर गरेका छौं । यो प्रबन्धपत्रमा उल्लेखित हाम्रो नाम, ठेगाना, हस्ताक्षर, हामीले लिन कबुल गरेको शेयर र साक्षी सम्बन्धि व्यहोरा ठिक साँचो हो। कुनै कारणले झुट्टा ठहरिन गएमा कम्पनी दर्ता पश्चात् सिर्जना हुने दायित्व व्यहोर्न हामी तयार छौं। यो प्रबन्धपत्रमा लेखिएका कुरा साँचो हो झुट्टा ठहरे कानून बमोजिम साहुँला बुझाउन मञ्जुर छौ भनी सहिछाप गरेका छौं ।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

**प्रमाणित डिजिटल हस्ताक्षर गर्ने**
नामथर : चक्र बहादुर घर्ती
पद : सहायक रजिष्ट्रार
मिति : २०८२-०८-०८
कम्पनी रजिष्ट्रारको कार्यालय

नेपाल सरकार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौं

| संस्थापकको नाम, ठेगाना र सही छाप | बाबु/पतिको नाम | नागरिकता प्रमाणपत्र नं. र नागरिकता [प्रमाणपत्र जारी] गरेको जिल्ला विदेशी भए राहदानी नं. | लिन कबुल गरेको शेयर संख्या | साक्षीको नाम, थर, ठेगाना र सहीछाप | साक्षीको नागरिकताको प्रमाणपत्र नं. र जिल्ला |
|---|---|---|---|---|---|
| दस्तखत:<br>१. नाम: सन्तोष कुमार भट्टराई<br>ठेगाना: काठमाण्डौ जिल्ला काठमाण्डौ म.न.पा वडा नं. २९<br>हाल: जर्मनी<br>दा. बा. | सदानन्द उपाध्याय | नेपाली ना.प्र.नं. ३८९०९, काठमाण्डौ<br>गै. आ.ने. ना. प्र. नं. ९-२७-०१-८०-००३९२, काठमाण्डौ | ३०००० थान | दस्तखत:<br>नाम: सदानन्द उपाध्याय भट्टराई<br>ठेगाना: काठमाण्डौ जिल्ला काठमाण्डौ म.न.पा वडा नं. २९<br>दा. बा. | ना.प्र.नं. २७-०१-८१-०३३०७<br>जि.प्र.का. काठमाण्डौ |
| दस्तखत:<br>२. नाम: विश्वास खतिवडा<br>ठेगाना: काठमाडौं जिल्ला का.म.न.पा वडा नं. ३<br>दा. बा. | शिवकृष्ण खतिवडा | ना.प्र.नं. ११८४/१३८०७<br>जि.प्र.का. काठमाडौं | ३०००० थान | दस्तखत:<br>नाम: सुवर्धन खड्का<br>ठेगाना: ललितपुर जिल्ला धापाखेल वडा नं. २<br>दा. बा. | ना.प्र.नं. ५६५१<br>जि.प्र.का. ललितपुर |

**प्रमाणित डिजिटल हस्ताक्षर गर्ने**
नामथर : चक्र बहादुर घर्ती
पद : सहायक रजिष्ट्रार
मिति : २०८२-०८-०८
कम्पनी रजिष्ट्रारको कार्यालय

This document is signed digitally!

| संस्थापकको नाम, ठेगाना र सही छाप | बाबु/पतिको नाम | नागरिकता प्रमाण पत्र नं. र [illegible] नागरिकता [illegible] गरेको जिल्ला [illegible] विदेशी [illegible] | [illegible]लिन कबुल [illegible]रेको शेयर [illegible] | साक्षीको नाम, थर, ठेगाना र सहीछाप | साक्षीको नागरिकताको प्रमाणपत्र नं. र जिल्ला |
|---|---|---|---|---|---|
| दस्तखत: <br> ३. नाम: संजय थापा <br> ठेगाना: काठमाण्डौ जिल्ला गोकर्णेश्वर न.पा वडा नं ०४ <br> दा. बा. | डोर बहादुर थापा | नेपाली ना.प्र.नं. ६८६७२४७३१९६०५, काठमाण्डौ | ३०००० थान | दस्तखत: <br> नाम: बिमला कुमारी खतिवडा थापा <br> ठेगाना: काठमाण्डौ जिल्ला काठमाण्डौ म.न.पा वडा नं. ०३ <br> दा. बा. | ना.प्र.नं. ४०२६।११८०९ <br> जि.प्र.का. काठमाण्डौ |
| दस्तखत: <br> ४. नाम: ज्योती देवी शर्मा <br> ठेगाना: काठमाडौं जिल्ला, काठमाण्डौ म. न.पा वडा नं. ३२ <br> दा. बा. | प्रेम प्रसाद भुसाल | ना.प्र.नं. ४८६२ <br> जि.प्र.का पर्वत | ३०००० थान | दस्तखत: <br> नाम: कमला भुसाल तिवारी <br> ठेगाना: पर्वत जिल्ला, फलेबास न.पा वडा नं. ०४ <br> दा. बा. | ना.प्र.नं. ४७५२२ <br> जि.प्र.का. पर्वत |

नेपाल सरकार
वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय
त्रिपुरेश्वर, काठमाडौं

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

**प्रमाणित डिजिटल हस्ताक्षर गर्ने**
नामथर : चक्र बहादुर घर्ती
पद : सहायक रजिष्ट्रार
मिति : २०८२-०८-०८
कम्पनी रजिष्ट्रारको कार्यालय

This document is signed digitally!

| | | | | | |
|---|---|---|---|---|---|
| दस्तखत:<br>५. नाम: परशराम थापा<br>ठेगाना: लमजुङ जिल्ला रैनास न.पा वडा नं. ९<br>दा बा | भिम बहादुर थापा | ना.प्र.नं. १६१७<br>जि.प्र.का. लमजुङ | ३०००० थान | दस्तखत:<br>नाम: भाग्यवती जि. सी.<br>ठेगाना: कास्की जिल्ला लेखनाथ न.पा वडा नं. ९<br>दा बा | ना.प्र.नं. २१३२<br>जि.प्र.का. कास्की |
| दस्तखत:<br>६. नाम: सन्देश भट्टराई<br>ठेगाना: सुनसरी जिल्ला धरान न.पा वडा नं. ४<br>दा बा | सदानन्द उपाध्याय | ना.प्र.नं. १५४३<br>जि.प्र.का. काठमाडौं | ३०००० थान | दस्तखत: छाया भट्टराई<br>नाम: छाया देवी उपाध्याय<br>ठेगाना: काठमाडौं जिल्ला का.म.न.पा वडा नं. २९<br>दा बा | ना.प्र.नं. ५२० मकवानपुर<br>जि.प्र.का. काठमाडौं |
| दस्तखत:<br>७. नाम: शालिकराम थपलिया<br>ठेगाना: चितवन जिल्ला वीरेन्द्रनगर ,वडा नं. ४<br>दा बा | देवी प्रसाद थपलिया | ना.प्र.नं. ८३१०/०५४<br>जि.प्र.का. चितवन | ३०००० थान | दस्तखत:<br>नाम: सजीता थपलिया<br>ठेगाना: चितवन जिल्ला वीरेन्द्रनगर, वडा नं. ४<br>दा बा | ना.प्र.नं. ०४३४८५<br>जि.प्र.का. चितवन |

नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौं

इति सम्वत २०८२ साल कार्तिक महिना ११ गते रोज ३ शुभम्..................

मस्यौदा गर्ने:
(क) नाम : पेशल मिश्र (अधिवक्ता)
(ख) प्रमाणपत्र नं : १९६६९
(ग) दस्तखत:

**प्रमाणित डिजिटल हस्ताक्षर गर्ने**
नामथर : चक्र बहादुर घर्ती
पद : सहायक रजिष्ट्रार
मिति : २०८२-०८-०८
कम्पनी रजिष्ट्रारको कार्यालय